नेपाल सरकार

# गृह मन्त्रालय

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

(पञ्जीकरण शाखा)

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

पत्र संख्या :- ०७८/०७९
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- २४०४

सिंहदरबार,
काठमाडौं, नेपाल

मिति : २०७९।०३।१०

विषय : जन्म दर्ता सम्बन्धमा।

श्री जिल्ला प्रशासन कार्यालय सबै ।
श्री इलाका प्रशासन कार्यलय सबै।
श्री सीमा प्रशासन कार्यालय सबै।

नेपालको संविधानको धारा ३९ को उपधारा १ र बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४ को उपदफा १ मा "प्रत्येक बालबालिकाहरूलाई आफ्नो पहिचान सहित नामाकरण र जन्म दर्ताको हक हुनेछ" भन्ने व्यवस्था रहेको छ। मुलुकी देवानी संहिता, २०७४ को दफा ७० मा विवाह हुन सक्ने व्यवस्था, दफा ७२ मा विवाह बदर हुने सम्बन्धी व्यवस्था उल्लेख छ । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा २१ को उपदफा ३ मा "यस दफामा लेखिएको कुनै कुराले स्वतः बदर हुने विवाहको परिणामबाट जन्मिएका शिशुको जन्म दर्ता गर्नुपर्ने विषयलाई प्रतिकूल असर पार्ने छैन" भन्ने व्यवस्था उल्लेखित रहेको छ। विद्यमान घटना दर्ता सम्बन्धी प्रावधान र अन्य प्रचलित कानुनी व्यवस्थाले बालबालिकाको जन्म दर्तामा बाबु, आमाको नाम राख्दा विवाह दर्ता भएको हुनुपर्ने अनिवार्य कानुनी व्यवस्था नभएकोले बाबु, आमा स्वयम् उपस्थित भई जन्म दर्ता गर्न सकिने हुदाँ मुलुकी देवानी संहिता, २०७४ को दफा ७२ मा स्वतः बदर हुने विवाहको परिणामबाट जन्मिएका शिशुको जन्म दर्ता गर्न कानुनी बाधा नरहेको अवस्था छ। अतः विवाह दर्ता प्रमाणपत्र नभएता पनि सम्बन्धित स्थानीय पञ्जीकाधिकारीबाट त्यस्तो बालबालिकाको जन्म दर्ता हुन सक्ने कानुनी व्यवस्था रहेकोले बाबु आमाको विवाह दर्ता हुने उमेर २० (बीस) वर्ष नपुग्दै जन्मेका बालबालिकाको जन्म दर्ता हुने हुदाँ नाबालक परिचय पत्र र नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्ने सम्वन्धमा समेत सोही अनुसार हुन अनुरोध छ।

२०७९।३।१०.
तिर्थराज भट्टराई
(महानिर्देशक)

Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- ०७९/०८०
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- १४८

मिति : २०७९/०४/२३

विषयः व्यक्तिगत घटना दर्ता व्यवस्थापन सम्बन्धमा ।

श्री महानगरपालिकाको कार्यालय, सबै।
श्री उप-महानगरपालिकाको कार्यालय, सबै।
श्री नगरपालिकाको कार्यालय, सबै।
श्री गाँउपालिकाको कार्यालय, सबै।

प्रस्तुत सन्दर्भमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन,२०७६ तथा नियमावली, २०७७ (संशोधन समेत) अनुसार ७५३ स्थानीय तहका ६२६५ वडा कार्यालयहरुवाट व्यक्तिगत घटना (जन्म, मृत्यु, बिवाह, सम्वन्ध विच्छेद र बसाईसराइ) दर्ता हुदै आएको विदितै छ। तथापी तपसिलमा उल्लेखित बिषयमा बिभिन्न पालिका तथा वडाहरुबाट यस विभागलाई पटक पटक सोधी पठाउने गरेको सन्दर्भमा देहाय वमोजिम गर्न, गराउन स्पष्ट गरी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ।

१. कतिपय स्थानीय तहमा एक जना स्थानीय पञ्जीकरधिकारीले एक भन्दा बढी वडा कार्यालयबाट व्यक्तिगत घटना दर्ता गर्दा वडा कार्यलयको गलत प्रविष्टी भएको पाईएकोले सो सम्वन्धमा प्रमुख प्रशासकीय अधिकृत तहबाट निर्णय गराई सम्बन्धित स्थानीय तहको Admin Account बाट व्यक्तिगत घटना दर्ता प्रणालीमा कानुन वमोजिम संशोधन गर्न सकिने।

२. बसाई सरी आएको स्थानीय तहमा दर्ता भएका, कर्मचारीको परिवारको आधारमा दर्ता भएका र घटना घटेको ठाउँमा दर्ता भएका व्यक्तिगत घटना दर्ताका प्रमाणपत्रको संशोधन तथा प्रतिलिपि जारी गर्दा व्यक्तिगत घटना दर्ता भएका स्थानीय तहबाट प्राप्त प्रमाणित अभिलेखको आधारमा हालको स्थायी ठेगानाबाट मात्र प्रमाणपत्र जारी गर्ने/ गराउने व्यवस्था गर्ने।

३. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ बमोजिम घटना घटेको स्थानीय तह वा बाबु आमाको स्थायी ठेगाना रहेको वडा कार्यलय वा कर्मचारी परिवारको हकमा सम्बन्धित कार्यालय रहेको वडा कार्यालयमा कार्यरत कार्यालयको आधिकारिक पत्रको आधारमा बाहेक अन्य ठाउँमा घटना दर्ता नगर्ने र यसअघि कुनै त्यस्तो घटना दर्ता भएको पाईएमा सम्बन्धित स्थानीय पञ्जीकाधिकारीको कार्यलयबाट प्रमाणित अभिलेख मगाई स्थायी ठेगाना रहेको पञ्जीकाधिकारीको कार्यलयमा अभिलेख कायम गरी प्रमाणपत्रको संशोधन तथा प्रतिलिपि जारी गर्ने व्यवस्था गर्ने।

४. व्यक्तिगत घटना दर्ता गर्दा सूचकले सहिछाप गरेको सूचना फाराम र स्थानीय पञ्जीकाधिकारीले हस्ताक्षर गरेको प्रमाणपत्रको Scan प्रति VERSP-MIS प्रणालीमा अपलोड गर्ने ब्यबस्था मिलाउने र उक्त कार्यको लागि स्थानीय पञ्जीकाधिकारीलाई सहजीकरणको आवश्यक परेमा एम. आई. एस. अपरेटरलाई वडा कार्यालयमा खटाउने व्यवस्था गर्ने

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

पत्र संख्या :-
प्राप्त पत्र संख्या र मिति -
च.नं. :-

सिंहदरबार,
काठमाडौं, नेपाल

मिति :.............................

५. कुनै व्यक्तिको व्यक्तिगत घटना दर्ता नम्बर (१३ अंकको) स्थायी ठेगाना भन्दा फरक वडा कार्यलयबाट जारी भएतापनि ब्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ताको लागि सोही दर्ता नम्बर प्रयोग गर्न सकिने व्यवस्था प्रणालीमा भएको हुँदा सोही अनुसार गर्ने।

६. बसाईसराई दर्ता गर्दा परिवारको सदस्यमध्ये सूचक बस्न योग्य नभएको ब्यक्ति (नाबालक) छुटेको भएमा एक बर्षभित्र भएमा नियमानुसार संशोधन गर्न र संशोधन गर्ने अवधि समाप्त भएको भए बसाईसराई गएको घरमुली वा १८ बर्ष उमेर पुगेको परिवारको सदस्य सूचक राखी नयाँ बसाईसराई दर्ता गर्ने।

७. बसाईसराईको लगत हस्तान्तरण गर्दा नियमावलीको नियम १९ मा व्यवस्था भए अनुसार अन्य सबै व्यक्तिगत घटना दर्ता गरेपछी मात्र गर्नुपर्नेमा कतिपय स्थानीय तहले सो नगरेको पाईएकोले नियम अनुसार गर्ने/गराउने।

८. धर्मपुत्र, धर्मपुत्रीको घटना दर्ता गर्दा अदालतको प्रमाणको आधारमा धर्म बाबु आमाको स्थायी ठेगानाबाट दर्ता गर्ने।

(मीना अर्याल)
निर्देशक

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- ०७९/०८०
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ९४९

मिति : २०७९/०४/२३

विषयः व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको आधिकारिकता सम्बन्धमा।

श्री कन्सुलर सेवा विभाग,

श्री जिल्ला प्रशासन कार्यलय, सबै,

श्री ईलाका प्रशासन कार्यलय, सबै

यस विभागले व्यक्तिगत घटना (जन्म, मृत्यु, बिवाह, सम्वन्ध विच्छेद र बसाईसराइ) दर्ता र सामाजिक सुरक्षा भत्ता व्यवस्थापनको कार्य सूचना प्रविधि प्रणाली (VERSP-MIS) मा आधारित रहेर गर्दै आएको विदितै छ। हाल ७५३ वटा स्थानीय तहका ६२६५ वडामा अनलाइन घटना दर्ता हुने गरेको र उक्त विवरण विभागको वेबसाईट https://donidcr.gov.np/Dashboard/ListVDC मा समेत अपलोड गरिएको छ। यस सन्दर्भमा विभागको अनलाइन प्रणालीबाट जारी हुने १३ अंक सहितको घटना दर्ताको प्रमाणपत्रलाई मात्र तहाँ कार्यालयको प्रयोजनको लागि आधिकारिक मान्यता दिने व्यवस्था हुन आदेशानुसार अनुरोध छ।

बोधार्थः स्थानीय तह सबै, सम्पुर्ण विद्यालयमा माथि उल्लेखित विषयमा परिपत्र गर्नुहुन।

(मीना अर्याल)
निर्देशक

Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
(पञ्जीकरण शाखा)

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- ०८१।८०
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ६६०

मिति : २०७९।०७।३०

बिषय : घटना दर्ता गर्ने स्पष्टता सम्वन्धमा ।

श्री स्थानीय पञ्जिकाधिकारी सवै (६७४३ वडा) ।

प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा १७(१) ले केन्द्रिय पञ्जिकाधिकारी (रजिष्ट्रार) र १७(२) ले स्थानीय पञ्जिकाधिकारी (रजिष्ट्रार) को रुपमा कार्य गर्ने जिम्मेवारी सुम्पेको विदितै छ ।

सोही अनुसार सवै वडा कार्यालयहरुमा जन्म, मृत्यु, वसाई सराई, विवाह र सम्वन्ध विच्छेद दर्ताको कार्य हुँदै आएको छ । तथापी निम्न अवस्थाहरुमा कतिपय स्थानीय पञ्जिकाधिकारीले गर्नुपर्ने दर्ता नगरिदिएको भनी सहजीकरण गरिदिन विभागमा अनुरोध भई आएको हुँदा देहाय वमोजिम गर्नु गराउनु हुन निर्देशित गरिएको छ ।

निम्न :

१. नेपालको संविधानको धारा ३९ मा प्रत्येक वालवालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक सुनिश्चित गरिएको र सो सम्बन्धमा २०७५ भदौ १ गते पछिका वहु विवाह र वाल विवाह स्वत: वदर हुने भएकाले सो दर्ता नगर्ने तर स्वत: बदर हुने/बदरयोग्य विवाहको परिणामवाट जन्मेको वच्चाको जन्म दर्ता आवश्यक प्रक्रिया पुऱ्याई गरिदिने ।

२. एकल महिलावाट जन्मेका वच्चाको स्थायी ठेगाना राख्दा वाबुको नाम ठेगाना पत्ता नलागेको यकिन गरी आमाको थर र स्थायी ठेगाना राखी घटना दर्ता गर्ने गराउने । यदि वच्चा मावलीमा वसेको छ र निजको आमा/वुवा/घर पट्टीका कुनै परिवार नभएको प्रमाणित भएमा मावलीकै ठेगाना राखेर वडा अध्यक्ष सूचक भई जन्म दर्ता गरिदिने ।

३. नेपालस्थित अदालतहरुवाट फैसला/आदेश/पत्रबाट पिता-सन्तान नाता कायम भएको अवस्थामा अदालतको फैसला संलग्न राखी आधिकारिक सूचकको सूचनाका आधारमा बुवाको महलमा वुवाको नाम राखी जन्म दर्ता गरिदिने ।

४. विदेशी र नेपाली नागरिकबीच विदेशमा भएको विवाह दर्ता गर्नु परेमा विवाह भएको मुलुकको प्रचलित कानून वमोजिम विवाह भएको दर्ता प्रमाणपत्र र कन्सूलर सेवा विभाग वा नेपालस्थित सम्वन्धित मुलुकको कुटनीतिक नियोग वा सम्वन्धित मुलुकमा रहेको नेपाली नियोगबाट भएको प्रमाणीकरण सहित नियमानुसार सूचना दिएमा आवश्यक प्रक्रिया पुरा गरी विवाह दर्ता गरिदिने



Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८१४, ४२००८१५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल


पत्र संख्या :- ०७९/८०
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ६६०

मिति :..........................

तर नेपाल प्रवेश गर्न भिसा आवश्यक नपर्ने मुलुकको महिला र नेपाली नागरिकबीच भएको विवाहको हकमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावलीको नियम १६(६) बमोजिम गरिदिने । साथै, नेपालमा रहेका विभिन्न कूटनीतिक नियोगबाट प्रमाणित भएका विदेशी नागरिकहरुको विवाह आवश्यक प्रक्रिया पुरा गरी सम्वन्धित कुटनीतिक नियोग रहेको वडाले दुवै जनाको उपस्थितिमा राख्नु पर्ने कागजात राखी दर्ता गरिदिने ।

५. नेपालस्थित अदालतहरुबाट पति पत्नी नाता कायम गरी फैसला/आदेश भएमा वा अदालतको पत्रबाट विवाह कायम भएमा दर्ता विवाह सरह मान्यता दिई विवाह दर्ता गरिदिने ।

६. नेपाली महिला र विदेशी पुरुषबीच नेपालमा भएको विवाह दर्ता गर्नु परेमा मुलुकी देवानी संहिता, २०७४ को दफा ७७ बमोजिमको दर्ता विवाहको प्रमाणपत्रका आधारमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली,२०७७ को नियम १८ बमोजिम नेपाली महिलाको स्थायी ठेगानामा वा विवाह भएको वडाले विवाह दर्ता गरिदिने । पुरुषको स्थायी ठेगाना सम्वन्धित देशकै राख्ने ।

७. मुलुकी देवानी संहिता, २०७४ को दफा ८३(ग) बमोजिम पति वा पत्नीले कानून बमोजिम अंशवण्डा/न्यायिक पृथकीकरण गरी भिन्न भएमा पुरुष वा महिलाले पुन: विवाह गर्न सक्ने व्यवस्था भएकाले कुनै पुरुष वा महिलाले अदालतबाट अंशवण्डा गरिएको आदेश सहित दोस्रो विवाह दर्ता गर्न आएमा अन्य आवश्यक कागजात सहित अदालतको उक्त आदेश राखी विवाह दर्ता गरिदिने ।

८. कुनै व्यक्तिको घटना दर्ता गर्दा पात्रोमा सो महिनामा नभएको दिन राखि घटना दर्ता गरिएको भएमा प्रतिलिपि जारी गर्दा उक्त महिनाको अन्तिम दिन राखि प्रतिलिपि जारी गर्ने (उदाहरणको लागि कुनै व्यक्तिको जन्म दर्ता प्रमाणपत्रमा जन्म भएको मिति वि.सं. २०५०/१०/३१ राखिएकोमा २०५० सालको माघमा ३० दिन मात्रै भएकाले निजको माग अनुसार जन्म मिति २०५०/१०/३० गते कायम गरी प्रतिलिपि जारी गर्ने)।

९. कुनै स्थानीय तहबाट बसाई सराइको लगत हस्तान्तरण गरी गएका तर बसाई सरी आएको स्थानीय तहले मनासिव कारण सहित बसाई सराइ दर्ता नगरेको र पहिलेकै स्थानमा फिर्ता भई निवेदन पेश गरेमा सो लगत हस्तान्तरण जारी गर्ने स्थानीय पञ्जिकाधिकारीले बसाई सराइ भए नभएको यकिन गरी प्रणालीमा लगत हस्तान्तरण निष्कृय गरिदिने ।




Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np

नेपाल सरकार
# गृह मन्त्रालय
## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
(पञ्जीकरण शाखा)

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२००७१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- ०७९।८०
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ६६०

मिति :

१०. कतिपय स्थानीय तहले निर्णय गरी व्यक्तिगत घटना दर्ता शुल्क निर्धारण गरेकोमा सो सम्बन्धमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन,२०७६ को दफा १८ अनुसार गर्ने र ऐनको दफा १८(१) वा (२) मा उल्लिखित अवधि समाप्त भएपछि व्यक्तिगत घटना दर्ता गर्न आएमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली,२०७७ को अनुसूची - ३ अनुसार मात्र विलम्ब शुल्क लिने । नक्कल प्रमाणपत्रको दस्तुर पनि सोही अनुसूची अनुसार लिने ।

११. व्यक्तिगत घटना दर्ता प्रमाण पत्रमा उल्लिखित विवरणमा तात्विक अन्तर नपर्ने जस्तै : "कुमारी, देवी, वहादुर, प्रसाद" जस्ता शव्द वढी राखिएको वा छुटेको वा ईकार, उकार, थर, spelling लगायतमा सामान्य त्रुटी भएमा त्यस्को पुष्टि हुने कागज प्रमाण संलग्न गरी सच्याई दिने ।

१२. दलित वालवालिकाको जन्म दर्ता गर्दा सूचकले वालवालिकाको थरमा वावु आमाको थरभन्दा फरक थर उल्लेख गरी जन्म दर्ता गराउन चाहेमा राष्ट्रिय दलित आयोगद्वारा प्रकाशित दलित जातीय अनुसूची विवरणमा उल्लेख भएका सम्बन्धित दलित जातीभित्रको थरहरु मध्येवाट सूचना फाराममा उल्लेख गरिए अनुसारको थर राखी जन्म दर्ता गरिदिने ।

१३. घटना घटेको स्थान, मिति र घटनासँग सम्बन्धित व्यक्ति पुष्टयाई हुने यथार्थ विवरण यकिन गरेर मात्रै व्यक्तिगत घटना दर्ता गर्ने ।

०७९।६।३०
तीर्थराज भट्टराई
(महानिर्देशक)
महानिर्देशक

<u>अवगतार्थ</u> :
श्रीमान् सचिवज्यू, गृह मन्त्रालय ।

<u>बोधार्थ/कार्यार्थ</u> :
श्री जिल्ला प्रशासन कार्यालय, सवै ।
श्री इलाका प्रशासन कार्यालय, सवै ।
श्री सीमा प्रशासन कार्यालय, सवै ।



Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
(पञ्जीकरण शाखा)

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल


पत्र संख्या :- ०७९।०८०
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ८४६

मिति : २०७९।०९।०३

बिषय : दलित थर परिवर्तन गर्ने सम्वन्धमा ।

श्री स्थानीय पञ्जिकाधिकारी सबै (६७४३ वडा) ।

प्रस्तुत विषयमा दलित नागरिकहरुको थर परिवर्तनको विषयमा विभिन्न पालिका तथा वडा कार्यालयहरुवाट स्पष्ट पारिदिन अनुरोध भई आएकोमा सो सम्वन्धमा देहाय वमोजिम गर्नु गराउनु हुन यस विभागको मिति २०७९।०९।०३ गतेको निर्णयानुसार अनुरोध छ ।

निम्न :

१. १६ वर्षभन्दा मुनिका दलित वालवालिकाको दलित जातीय थर प्रयोग गरी जन्म दर्ता भएकोमा सो परिवर्तन गरिदिन सूचक वस्न योग्य सम्वन्धित व्यक्तिवाट निवेदन प्राप्त भएमा राष्ट्रिय दलित आयोगद्वारा प्रकाशित दलित जातीय अनुसूची विवरणमा उल्लेख भएमा सम्वन्धित दलित जातीभित्रको थरहरु मध्येवाट निवेदकले चाहेको थर राखी जन्म दर्तामा थर परिवर्तन गरी प्रतिलिपि जारी गर्ने।

२. उल्लिखित अनुसारका वालवालिकाको थर परिवर्तनका साथै निजको वुवा, आमा वा सूचकको पनि थर परिवर्तन गरिदिन निवेदन प्राप्त भएमा वुवा, आमा वा सूचकको नागरिकता प्रमाणपत्रमा थर संशोधन भएको प्रमाण राखेर मात्रै थर परिवर्तन गरिदिने ।

३. १६ वर्षभन्दा माथीका व्यक्तिको घटना दर्ता प्रमाणपत्रमा थर परिवर्तन गरिदिन आधिकारीक व्यक्तिबाट निवेदन प्राप्त भएमा नागरिकता प्रमाणपत्रमा संशोधन भएको थर अनुसार थर परिवर्तन गरी प्रतिलिपि जारी गर्ने ।

०७९/०९/०३
समीर भण्डारी
(शाखा अधिकृत)

अवगतार्थ :

श्रीमान् सचिवज्यू, गृह मन्त्रालय ।

बोधार्थ/कार्यार्थ :

श्री जिल्ला प्रशासन कार्यालय, सबै ।

श्री इलाका प्रशासन कार्यालय, सबै ।

श्री सीमा प्रशासन कार्यालय, सबै ।

नेपाल सरकार
# गृह मन्त्रालय
## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
(पञ्जीकरण शाखा)

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- ०६९/०८०
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- १५८६

मिति २०७९।१२।१५

विषय : घटना दर्ताको प्रमाणपत्र सम्बन्धमा ।

श्री स्थानीय तह, सबै ।

प्रस्तुत विषयमा यस अघि जारी हुँदै आएका घटना दर्ताको प्रमाणपत्रहरु राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावलीको नियम २० को उपनियम (१) सँग सम्बन्धीत अनुसुची-२० देखि २४ सम्मका प्रमाणपत्रको ढाँचा अनुसार कायम गरिएको हुँदा घटना दर्ताका प्रमाणपत्रहरु सोही अनुसार जारी गर्नु/गराउनु हुन अनुरोध छ ।

(समीर भण्डारी)
शाखा अधिकृत

<u>बोधार्थ :</u>
श्री जिल्ला प्रशासन कार्यालय, सबै ।
श्री इलाका प्रशासन कार्यालय, सबै ।

Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np

नेपाल सरकार
# गृह मन्त्रालय
## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६


पत्र संख्या :- ०७९/८०
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- १६४१

सिंहदरबार,
काठमाडौं, नेपाल

मिति२०७९।१२।२६

विषय : जन्म दर्ता सम्बन्धमा

श्री स्थानीय पञ्जिकाधिकारी,
सबै (६७४३ वडा कार्यलयहरु )।

यस विभागबाट मिति २०७९/०७/३० मा गरिएको परिपत्रको बुदा नं. २ अनुसार एकल महिलाबाट जन्म भएका बच्चाको आमाले विवाह गरेको अवस्थामा त्यस्ता बच्चाको जन्म दर्ता गर्ने स्थान र थरका विषयमा द्विविधा उत्पन्न भइ थप स्पष्ट गरिदिन विभिन्न स्थानीय तहहरुबाट अनुरोध भइ आएकोले दोहोरो दर्ता नहुने गरी बच्चाको जन्म दर्ता गर्ने सम्बन्धमा विभागको च.नं. १६२६ मिति २०७९/१२/२२ को परिपत्रबाट सबै स्थानीय पञ्जिकाधिकारीहरुलाई पत्र मार्फत जानकारी गराइएको व्यहोरा बिदितै छ।
बच्चाको जन्मदिने आमाको लैङ्गिक भूमिकालाई उच्च सम्मान गर्दै नेपालको संविधानको धारा ३९ अनुसार प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक संरक्षण गर्न माथि उल्लिखित परिपत्रका सम्बन्धमा थप स्पष्ट गरिएको छ। तसर्थ, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली (दोश्रो संशोधन सहित), २०७७ को नियम २८ को देहाय खण्ड (क) बमोजिम जन्म दर्ता सम्बन्धमा सहजता र एकरुपता कायम गर्ने गरी तपसिल अनुसार गर्नु गराउनु हुन अनुरोध छ।

<u>तपसिल</u>

१. एकल महिलाबाट जन्म भएको तर पितृत्वको ठेगान नलागेको बच्चाको जन्म दर्ता गर्दा आमाको थर र स्थायी ठेगाना राखी जन्म दर्ता गरिदिने।
२. विवाह अघि बच्चा जन्म भएको एकल महिलाले विवाह गरी पतिको ठेगानामा सँगै बसेको अवस्थामा आमा सूचक भइ बच्चा जन्मदा कायम भएको आमाको थर राखी हालको स्थायी ठेगानामा जन्म दर्ता गरिदिने । यदि बच्चा मावलीमा बसेको भए सोही ठेगानामा जन्म दर्ता गरिदिने।
३. बच्चाको जन्म दर्ता भईसकेपछि पितृत्व/बाबुको ठेगान पत्ता लागेको अवस्थामा माथि प्रकरण नम्बर (१) र (२) अनुसार भएको जन्म दर्ता नियमानुसार रद्द गरी बाबुको ठेगानाबाट बाबु वा आमा वा दुबैको थर राखी नयाँ जन्मदर्ता गरिदिने।

क्रमशः

महानिर्देशक


Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :-
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- १६८४१

मिति :............................

४. नेपालभित्र फेला परेको पितृत्व र मातृत्वको ठेगान नभएको बच्चाको कुनै पनि परिवार नभएको प्रमाणित भएको बच्चा फेला परेमा हेरचाह गर्ने कानून बमोजिमको संरक्षक/माथवर व्यक्तिले दिएको ठेगाना, नाम, थर राखी जन्म दर्ता गरिदिने।

५. बाबु आमाको कानून बमोजिम सम्बन्ध बिच्छेद भइ आमासँग रहने छोराछोरीको जन्म दर्ता गर्दा बाबुको स्थायी ठेगानामा दर्ता नभएको एकिन गरी आमाको हालको स्थायी ठेगानामा जन्म दर्ता गरिदिने।

६. कानून बमोजिम कारागारमा सजाय भोगिरहेका महिलाबाट जन्म भएको बच्चाको जन्म दर्ता गर्दा कारागार कार्यालय प्रमुखबाट सूचना फाराम प्रमाणित भइ आएमा सम्बन्धित व्यक्तिको स्थायी ठेगाना रहेको वडा कार्यालयमा बच्चाको जन्म दर्ता गरिदिने।

७. मुलुकी देवानी सहिता २०७४ लागू भएको मिति २०७५ भाद्र १ पछि स्वतः बदरहुने/बदरयोग्य बालविवाह वा बहुविवाहको परिणामबाट जन्म भएको बच्चाको कानून बमोजिमको प्रक्रिया पुऱ्याइ जन्म दर्ता गरिदिने।

८. माथि उल्लिखित बाहेक अन्य प्रकृतिका जन्म दर्ताको सम्बन्धमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन २०७६, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली (संशोधन सहित) २०७७ र विभागबाट यसअघि जारी भएका परिपत्रानुसार गर्ने गराउने।

(रुद्रप्रसाद पण्डित)
महानिर्देशक
एवम्
केन्द्रीय पञ्जिकाधिकारी (रजिष्ट्रार)

अवगतार्थ:
श्रीमान् सचिवज्यू
गृह मन्त्रालय, सिंहदरबार।

बोधार्थ/कार्यार्थ:
श्री जिल्ला प्रशासन कार्यालय,सबै।
श्री इलाका प्रशासन कार्यालय,सबै।
श्री सिमा प्रशासन कार्यालय, सबै।